| वंगुरको किसिम | प्रति वंगुर(वर्ग मि.)/वंगुर संख्या | | | एउटा खोरमा राख्न सकिने |
|---|---|---|---|---|
| | खोरको आवश्यक क्षे. | खोरको लम्बाई र चौडाई (मि.) | हातामा खोल्ने क्षे. | |
| ब्याडे भाले | ६.५ देखि ७.५ | २.५×२.५ देखि २.५×३.० | ८.८ देखि १२.० | १ |
| ब्याउने माउ | ७.५ देखि ९.० | २.५ ×३.०देखि ३.०×३.० | ८.८ देखि १२.० | १ |
| माउबाट छुट्याएको पाठपपाठी | ०.९३ देखि १.८ | ०.८×१.२देखि१.२×१.५ | ८.८ देखि १२.० | १० देखि २० |
| गर्भिणी/माउ थारो माउ | ६.५ देखि ७.५ | २.५×२.५ देखि २.५×३.० | ८.८ देखि १२.० | २ देखि १० |

## वंगुरलाई दाना पानीको आवश्यक क्षेत्रफलः

| वंगुरको किसिम | प्रति वंगुर | | |
|---|---|---|---|
| | चौडाई से.मि. | लम्बाई से.मि. | गहिराई से.मि. |
| ब्याएको माउ र पाठापाठी | कम्तिमा ५० | ७५ देखि १०० | २०र१० |
| माउबाट छुट्याएको पाठपपाठी | कम्तिमा ५० | २० देखि ३० | १५ |
| मासुको लागि पालिएको पाठापाठी | कम्तिमा ५० | ३० देखि ४० | १५ |
| प्रजननको भाले वंगुर | कम्तिमा ५० | ६० देखि ७५ | २० |

## १४) बेरोजगार युवा छनौट सम्बन्धि मापदण्ड :

१४.१ बेरोजगार युवालाई रोजगारमुलक कार्यक्रम संचालन गर्दा निम्न बुँदामा आधारित युवा छनौट, गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

क) युवा बेरोजगार हो भनि प्रमाणित गर्ने निकायबाट प्रमाणित भएको ।

ख) बेरोजगारी युवा पशुपालन व्यवसायमा अभिरुची भएको ।

ग) पशुपालन व्यवसायमा प्राविधिक ज्ञान भएको वा परम्परागत प्रविधिबाट पशुपालन व्यवसायमा आवद्ध भएको।

घ) केही समयमा रोजगारीका लागि विदेश बसि फर्कि आएको ।

ङ) युवाले संचालन गर्ने व्यवसायको लागि छानिएको स्थान प्रविधिक दृटिकोणबाट उपयुक्त भएको ।

च) स्थानिय तहबाट व्यवसाय संचालनका लागि उपयुक्त छ भनि सिफारिस गरिएको ।

छ) तोकिएको लागत सहभागिता गर्न इच्छुक भएको ।

ज) सम्बन्धित प्राविधिक विषय अध्ययन वन तालिम लिई बेरोजगार भएका युवालाई विशेष प्राथमित्ता दिइनेछ ।

झ) बौदीकाली गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गरेको र बौदीकाली गाउँपालिका भित्र मतदाता नामावलीमा नाम समाबेश भएका २० बर्ष देखि ५० बर्ष उमेर समुहका व्यवसाय गर्न ईच्छुक कृषक, बेरोजगार युवा युवतीले सहभागी हुन सक्नेछन् ।

## १५. व्यवसायीक पशुपन्छी फर्म सम्बन्धि मापदण्ड :

१५.१ व्यवसायीक पशुपन्छी फर्म संचालन सम्बन्धमा निम्न बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ :

| सि.नं. | फर्मको विवरण | पशु संख्या | | हुनुपर्ने आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | | |
| क | **गाई फार्म** | | | | |
| १ | साना व्यवसायिक गाई फार्म | ३ | ५ | माउ गाई वा वाली जाने उमेर भएका कोरेली | आधिकारीक निकायमा दर्ता पुरा भएका र आवश्यक प्रमाण पत्र पुरा गरेको |
| २ | मझौला व्यवसायिक गाई फार्म | ५ | १० | | |
| ३ | ठुला व्यवसायिक गाई फार्म | १० भन्दा माथि | | | |
| ख | **भैसी फार्म** | | | | |
| १ | साना व्यवसायिक भैसी फार्म | ३ | ५ | माउ भैसी वा वाली जाने उमेर भएका कोरेली पाडी | आधिकारीक निकायमा दर्ता पुरा भएका र आवश्यक प्रमाण पत्र पुरा गरेको |
| २ | मझौला व्यवसायिक भैसी फार्म | ५ | १० | | |
| | ठुल्ला व्यवसायिक भैसी फार्म | १० | माथि | | |
| ग | **बाखा फार्म** | | | | |
| १ | साना व्यवसायिक बाखा फार्म | २० | माथि | १ वर्ष उमरेका प्रजनन योग्य माउ बाखी र ३० माउ बाखा अनुपातमा १ वटा प्रजनन योग्य ब्याडे बोका | आधिकारीक निकायमा दर्ता पुरा भएका र आवश्यक प्रमाण पत्र पुरा गरेको |
| २ | मझौला व्यवसायिक बाखा फार्म | ३० | माथि | | |
| ३ | ठुलला व्यवसायिक बाखा फार्म | १०० | माथि | | |
| घ | **वंगुर फार्म** | | | | |
| १ | साना व्यवसायिक वंगुर फार्म | ५ | ९ | माउ वंगुर वा ९महिना उमेर पुगेका पाठी | आधिकारीक निकायमा दर्ता पुरा भएका र आवश्यक प्रमाण पत्र पुरा गरेको |
| २ | मझौला व्यवसायिक वंगुर फार्म | ७ | १४ | | |
| ३ | ठुल्ला व्यवसायिक वंगुर फार्म | १० | माथि | | |
| ङ | **कुखुरा लेयर्स** | | | | |
| १ | साना व्यवसायिक लेयर्स कुखुरा फार्म | ५०० | | प्रति लट | आधिकारीक निकायमा दर्ता पुरा भएका र आवश्यक प्रमाण पत्र पुरा गरेको |
| २ | मझौला व्यवसायिक लेयर्स | ५०१ | १००० | | आधिकारीक निकायमा दर्ता पुरा |

| | | | | | |
|---|---|---|---|---|---|
| | कुखुरा फार्म | | | | भएका र आवश्यक प्रमाण पत्र पुरा गरेको |
| ३ | ठुल्ला व्यवसायिक लेयर्स कुखुरा फार्म | १००१ | माथि | | |
| च | ब्रोइलर कुखुरा | | | | |
| १ | साना व्यवसायिक ब्रोइलर कुखुरा फार्म | ३०० | ५०० | प्रति लट | आधिकारीक निकायमा दर्ता पुरा भएका र आवश्यक प्रमाण पत्र पुरा गरेको |
| २ | मझौला व्यवसायिक ब्रोइलर कुखुरा फार्म | ५०२ | ९९९ | | |
| ३ | ठुल्ला व्यवसायिक ब्रोइलर कुखुरा फार्म | १००० | माथि | | |
| छ | स्थानिय कुखुरा | | | | |
| १ | साना स्थानिय कुखुरा फार्म | १०० | १९९ | प्रति लट | आधिकारीक निकायमा दर्ता पुरा भएका र आवश्यक प्रमाण पत्र पुरा गरेको |
| २ | मझौला स्थानिय कुखुरा फार्म | २०० | २९९ | | |
| ३ | ठुल्ला स्थानिय कुखुरा फार्म | ३०० | माथि | | |

१५.२ कार्यविधिमा उल्लेखित विवरण अनुसारका फार्महरु कानुनी रुपमा पुरा गरी पान नं.लिएको हुनुपर्नेछ । प्राविधिक मापदण्ड अनुसारका भौतिक पूर्वाधार जैविक सुरक्षाका आधारमा व्यवसायको दुरी र वातावरणीय प्रभाव अनुकुल भएको समेत हुनुपर्ने छ।

**१५.३ व्यवसायको प्रकृति अनुसार व्यवसाय फार्महरुको दुरी निम्न अनुसार हुनुपर्नेछ ।**

**क) कुखुरा र वंगुरको व्यवसायिक फार्म :**

१. व्यवसायिक फार्म राष्टिय राजमार्गा देखि कम्तिमा २०० मि. टाढा हुनुपर्नेछ ।

२. व्यवसायिक फार्म जिल्ला सदरमुकाम जोड्ने सडकको हकमा कम्तिमा १०० मि. दुरी टाढा हुनुपर्नेछ भने सो बाहेक अन्य सडकको हकमा ५० मि. टाँढा हुनुपर्नेछ ।

३. व्यवसायिक फार्महरु खानेपानीका मुहान देखि ५०० मि. टाँढा र अन्य खोला , नदिहरु प्रदुषित नहुनेगरी २५० मि. टाँढा हुनुपर्नेछ ।

४. व्यवसायिक फार्म मानिस बस्ने  घाना बस्ती (१५ घर धुरी ) बाट २५० मि. टाँढा हुनुपर्नेछ भने मठमन्दिर ,विद्यालय ,सरकारी कार्यालय , सार्वजनिक खेल मैदान देखि ५०० मि. टाँढा हुनुपर्छ।

५. व्यवसायिक फार्महरु संचालन गर्दा पानीको मुहान नदि खोलाहरु प्रदुषित नहुनेगरी पानी ढलको व्यवस्थापन गरेर व्यवसाय संचालन गर्नुपर्ने छ ।

**ख) भेडा बाख्रा र गाई भैसीको व्यवसायिक फार्म :**

१.व्यवसायिक फार्म राष्ट्रिय राजमार्ग देखि कम्तिमा २०० मि. टाँढा हुनुपर्ने छ ।

२.व्यवसायिक फार्म जिल्ला सदरमुकाम जोड्ने सडकको हकमा कम्तिमा १०० मि. दुरी टाढा हुनुपर्नेछ भने सो बाहेक अन्य सडकको हकमा ५० मि. टाँढा हुनुपर्नेछ ।

३. व्यवसायिक फार्महरु खानेपानीका मुहान  देखि ५०० मि. टाँढा र अन्य खोला , नदिहरु प्रदुषित नहुनेगरी २५० मि. टाँढा हुनुपर्नेछ ।

४. व्यवसायिक फार्म मानिस बस्ने  घाना बस्ती (१५ घर धुरी ) बाट २५० मि. टाँढा हुनुपर्नेछ भने मठमन्दिर ,विद्यालय ,सरकारी कार्यालय , सार्वजनिक खेल मैदान देखि ५०० मि. टाँढा हुनुपर्छ।

५. व्यवसायिक फार्महरु संचालन गर्दा पानीको मुहान नदि खोलाहरु प्रदुषित नहुनेगरी पानी ढलको व्यवस्थापन गरेर व्यवसाय संचालन गर्नुपर्ने छ ।

**१६. <u>गाउँपालिकामा पशुपन्छी कार्यक्रम संचालन प्रक्रिया :</u>**

१.कार्यक्षेत्र यो कार्यक्रम यस गाउँपालिकाका सबै वडाहरुमा तोकिए बमोजिम हुनेछन् ।

२. कार्यविधिको अनुसूची १ बमोजिम ३०,१५ र ७ दिनको म्याद राखि प्रथम पटक प्रस्ताव अहवानको सुचना प्रकाशन गरिनेछ ।यसै बमोजिम गाँउपालिकाको स्थानिय पत्रपत्रिका प्रकाशन ,एफ.एम.मा प्रसारण गर्नुपर्नेछ । सुचना गाउँपालिकाको सुचना पाटी र पशुपन्छि शाखाका साथै गाउँपालिकाका मुख्य सार्वजनिक स्थानामा सुचना पाटीमा टाँस गर्नुपर्नेछ । प्रथम पटक प्रकाशित सुचनामा प्रस्ताव पर्न

नआएमा पुनः दोस्रो पटक ७ र ३ दिनको सुचना प्रकाशन गर्नुपर्नेछ । तत्पश्चात सोझै कार्यक्रम संचालन गर्न सम्भव भएमा बाधा मानिने छैन ।

३. यस्तो प्रस्ताव निजी फार्म कृषक,कृषक समुह/सहकारी संस्थाले सुचनामा तोकिएको स्थानमा पेश गर्नु पर्नेछ।

४. संलग्न प्रस्तावना/निवेदन, आवश्यक कागजात र फिल्ड भेरिफिकेसनबाट प्राप्त विवरणको आधारमा आर्थिक विकास समितिको सिफारिसमा अनुसूचि ४ बमोजिम मूल्यांकनका आधारमा लाभग्राही छनौटको निर्णय गर्नेछ तथा केही कार्यक्रमको हकमा गाउँकार्यपालिका बैठकको निर्यणको आधारमा माथि उल्लेखित प्रकृया बिना सोझै सञ्चालन गर्न सकिनेछ र प्राप्त हुन आएका प्रस्तावहरु तोकिएको अवधिमा दर्ता गरी प्रस्तावलाई आन्तरिक छानबिन गर्नुपर्नेछ ।

५. आर्थिक विकास समितिको निर्णय बमोजिम शाखाले कार्यक्रम सञ्चालनको टिप्पणी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ। कार्यक्रम संचालनको स्वीकृत टिप्पणी र स्वीकृत लागत स्टिमेटको आधारमा शाखाले कार्यक्रम सञ्चालन गर्नेछ। शाखाले कार्यक्रम सञ्चालनको लागि भौतिक पूर्वाधार, सिचाई संरचना निर्माण, आदिको निर्माण लागतको स्टिमेट तयार तथा स्वीकृतिको लागि पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखासंग सहकार्य/संमन्य/सहयोग गर्न सकिनेछ। अन्य सरकारी कार्यालयबाट तयार भई पेश भएको लागत स्टिमेटलाई गाउँपालिकाको स्वीकृत आवश्यक पर्नेछ।

६. छनोट भएका लाभग्राहीको नतिजा सूचना पाटी तथा वेवसाइटमा राखिने छ र शाखा र वडा कार्यालयहरु मार्फत लाभग्राहीलाई जानकारी गरिने छ।

७. सुचना प्रकाशित गर्दा वैकल्पिक प्रस्तावको समेत नामावली प्रकाशन गर्नुपर्नेछ।

८. मुख्य प्रस्तावको कार्यक्रम संचालन गर्न नचाहेका योग्यताक्रमका आधारमा वैकल्पिकलाई सहभागि गराईनेछ।

९. प्रस्ताव पेश गर्न देहाए बमोजिमको मापदण्ड पुरा भएको हुनुपर्नेछ ।

क) भौतिक पुर्वाधार विकासका संरचना बनाउन नीजि जग्गा भएको हुनुपर्नेछ।

ख) समुहमा बसेर सहकार्य गरी कार्यक्रम संचालन गर्न इच्छुक हुनुपर्नेछ।

ग) समुहका सदस्य तथा अन्य सदस्यहरु पशुपालनका अन्य समुहहरुमा संलग्न नभएको हुनुपर्नेछ ।

घ) कार्यविधिको दफा १५ बमोजिमको मापदडहरु पुरा गरेको हुनुपर्नेछ ।

१० . छनौट भई गठनभएका समुहहरुले समुह अध्यक्ष, सचिव,कोषा अध्यक्ष र समितीको संयोजकको संयुक्त दस्तखतमा बैंकमा खाता खोल्नुपर्ने छ।

११. कार्यक्रम संचालनका लागि प्राप्त अनुदान रकम बौदीकाली गाउँपालिकाले, भौतिक पुर्वाधार र मेशिनरी सामानको अनुदान रकम कार्य सम्पन्न प्रतिवेदनका आधार बढिमा ३ किस्तामा भुक्तानी दिइनेछ तर पूर्ण अनुदानबाट संचालित कार्यक्रमहरुको हकमा अति आवश्यक विषयमा कुल अनुदानको ५० प्रतिशत नबढाई कार्य प्रकृतिको आधारमा पेश्कि स्वरुप उपलब्ध गराईने छ । उक्त पेश्कि प्रछ्यौट गरी सकेपछि मात्र बाँकी अनुदान रकम कार्य सम्पन्न प्रतिवेदनको आधारमा समुहको खातामा जम्मा गर्ने छ । तर देहाए ३ बमोजिमका कार्य दिन संचालनका लागि सम्बन्धित प्राविधिकको समन्वयबाट कार्यक्रम संचालन गरिने छ ।

क) कृषक समुह गठन तथा समुह परिचालन

ख) स्थलगत तालिम

ग) आन्तरिक र बाह्य परजिवि नियन्त्रण

घ) पशुपन्छि रोग निरोधक खोप

ङ) ट्याग मेशिन खरिद

च) ट्याग लगाउने

१२. अनुदान मार्फत प्राप्त गरेका पशुहरुको कृषक/समुह/फर्म/सहकारीहरुले पशु वीमा स्वंम अनिवार्य गर्नु पर्नेछ ।

१३) केन्द्र सरकार, प्रदेश सरकार, पालिका, अन्तराष्टिय, राष्टिय गैह्सरकारी संस्थाहरुबाट समेत विगत २ वर्ष अगाडिका आ.व. मा पशुपन्छी पालनमा वा पशुपन्छी शाखा संग सम्बन्ध राख्ने व्यवसाय सम्बन्धि १ लाख भन्दा बढी नगद तथा वस्तुगत अनुदान सहयोग लिएको भए छनौट प्रक्रियामा समावेश गरिने छैन । तर व्यवसाय सफल भएको अनुगमन र भौतिक पूर्वाधार आधारमा सम्बन्धित वडा कार्यलयको सिफारिसमा १ वर्ष पछि व्यवसायको स्तरोन्नती गर्न लागत सहभागिता अनुदान समावेशी गर्न सकिने छ ।

१४) प्रस्तावहरुले बौदीकाली गाउँपालिका बाट २ वर्ष आगाडी आ.व.हरुमा ५० हजार भन्दा बढीको नगद तथा वस्तुगत अनुदान सहयोग लिएको २ वर्ष सम्म छनौट प्रक्रियामा समावेश गरिने छैन । तर व्यवसाय सफल भएको अनुगमन र भौतिक पूर्वाधारको आधारमा सम्बन्धित वडा कार्यलयको सिफारिसमा १ वर्ष पछि व्यवसायको गर्न आगत सहभागिता अनुदानमा समावेश गर्न सकिने छ ।

१५) कार्यक्रममा उल्लेखित खोर गोठ, माछा पोखरी निर्माण मर्मत/सम्भार, प्राविधिक मापदण्ड अनुसारका पशुपन्छी खरिद गर्न तपशिल अनुसारको खरिद समिती गठन गर्नुपर्नेछ । खरिद समुहका प्रत्येक समुहबाट एक एक जना र विषयगत प्राविधिक एक जनाको खरिद समिती गठन गरिने छ ।

१६) प्रत्येक समुहबाट छनौट भएका मध्येबाट छनौट भएको एक जना संयोजक तोकिने छ ।

१७) प्रस्ताव संग सम्बन्धित कार्यक्रमहरु यस कार्यविधिको अनुसूची ३ अनुसारको फारम भरी पेश गर्नुपर्ने छ ।

१८) कार्यक्रमको लेखा, लेखङ्कन, लेखा परिक्षण तथा आर्थिक कारोबारो गर्दा प्रचलित कानुन बमोजिम हुनेछ ।

१९) केन्द्र सरकार, प्रदेश सरकार, पालिका, अन्तराष्ट्रिय, राष्ट्रिय गैह्सरकारी संघ संस्थाहरुबाट समेत अनुदान लिई लक्ष्य उद्धेश्यलाई निरन्तरता नदिई क्षणिक पूर्तिका लागी मात्र व्यवसाय संचालन गर्ने र उद्धेश्य विपरित कार्य गर्ने गरेका व्यवसायिका प्रस्तावहरु लागत सहभागितामा अनुदान कार्यक्रममा ५ वर्ष समावेश गरिने छैन ।

१७. <u>पशुपन्छी पालन संग सम्बन्धि व्यवसाय, फार्म, समुह गठन तथा दर्ता सम्बन्धि मापदण्ड :</u>

१७.१) व्यवसायिक पशुपन्छी तथा मत्स्यपालन फार्म तथा समुह दर्ताको प्रक्रिया निम्नानुसार तोकिएको छ :

क) नेपाली नागरितको छाँयाप्रति पेश हुनुपर्ने छ ।

ख) व्यवसाय संचालन गरिने स्थानको कित्ता नं. र साँधियारको कित्ता नं. आउने गरी नक्सा पेश गर्नुपर्ने छ ।

ग) साँधियारको सबैको (व्यवसाय गरिने स्थलको कित्ता नं. लाई छुनेहरुको मात्र) नेपाली ।

घ) नागरिकताको फोटोकपी र जग्गा धनि पूर्जाको फोटोकपीका साथ सम्बन्धित वडाको मुचुल्का(व्यवसाय दर्ता गर्दा वातावरण र मानव वस्तिलाई फरक पर्ने छैन भनी साँधियारवालालाई राखेर मुचुल्कामा साँधियारको दस्तखत, ल्याप्चे र सम्बन्धित वडा कार्यलयको सिफारिस हुनुपर्नेछ)।

ङ) अरुको जग्गाको कित्ता नं. भए कम्तिमा ५ वर्ष लागी कानूनी प्रक्रियामा लिजमा लिएको मन्जुरीमा पत्र अनिवार्य गरिने छ ।

च) बौदीकाली गाउँपालिका भित्रका पशुपन्छी पालन गर्ने कृषकहरुले स्वस्फुर्त रुपमा गठन वा निजी व्यवसाय दर्ता गर्न चाहेमा आ.व.सुरु महिना देखी आश्विन मसान्त सम्म गठन तथा निजि व्यवसाय दर्ता गरिसक्नुपर्ने छ ।

छ) कुखुरा, वंगुर, बाख्रा र गाई भैसीको व्यवसायिक फार्म संचालनको लागी कार्यविधिको दफा १५ बमोजिमको मापदण्ड पुरा भएको हुनुपर्ने छ ।

ज) पशुपन्छीको वर्ग/जातलाई सम्बोधन गर्ने गरि समुह/व्यवसायिक फार्मको नामाकरण गर्नुपर्ने छ ।जस्तै : कुखुरा पालन/वंगुर पालन/गाई पालन/भैसी पालन र भेडा पालन,बाख्रा पालन आदी ।

१७.२ बौदीकाली गाउँपालिका भित्र कृषक, व्यवसायी, वेरोजगारी युवा,युवतीहरुले विगत देखी व्यक्तिगत तथा समुहगत पशुपन्छीपालन, पशु औषधी पसल, माछा/मासु पसल , वधस्थल, दुग्ध पसल, संकलन केन्द्र लगायका व्यवसाय आधुनिक कानूनी प्रक्रिया पुरा गरी दर्ता प्रमाण पत्र प्राप्त गर्न सक्नेछन ।

१७.३ गाउँपालिका भित्रका पशुपन्छी शाखा संग सम्बन्धित व्यवसाय निजी फार्म, समुहरुले प्रत्येक १/१ वर्षमा आ.व.शुरु महिना श्रावण देखी आश्विन मसान्तसम्म कानूनी प्रक्रिया पुरा गरी नविकरण गर्नुपर्ने छ ।

१७.४ पशुपन्छी शाखामा दर्ता गरिने समुह,व्यवसायिक फार्महरुले पशुपन्छीपालन लाई प्राथमिकता राखि पशुपन्छी पालनको कुनै एउटा उद्धेश्य खुलाएर स्पष्ट नामाकरण गरी समुहहरुले समुहको विधान र निजि व्यवसायी फार्महरुले कार्ययोजना सहित दर्ता गर्न आउनुपर्ने छ । यो कार्यविधि स्विकृत हुनुभन्दा अगाडी विगतमा दर्ता भएका समुह, व्यवसाय, निजि यसै कार्यविधि दायरामा आउनुपर्ने छ ।

**१८. पशुपन्छी कार्यक्रम सञ्चालनका गठित समितिहरु :**

१८.१) पशुपन्छी कार्यक्रम संचालनका लागी निम्नानुसारका निर्देशक, अनुगमन तथा मुल्याङ्क समितिहरु रहने छन ।

**क) <u>गाउँपालिका पशुपन्छी कार्यक्रम सञ्चालन निर्देशन समिती :</u>**

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

| | |
|---|---|
| ३. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ४. गाउँपालिका वन,वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| ५.गाउँपालिक सामाजिक विकास समिती संयोजक | सदस्य |
| ६.गाउँपालिका कृषि शाखा प्रमुख | सदस्य |
| ७.गाउँपालिका पशुपन्छी विकास शाखा प्रमुख | सदस्य |

**ख) <u>गाउँपालिका पशुपन्छी कार्यक्रम अनुगमन समिति</u>**

| | |
|---|---|
| १.गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २.प्रमख प्रशासकिय अधिकृत | सदस्य |
| ३.सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ४. पूर्वाधार शाखा प्रमुख | सदस्य |
| ५.आर्थिक प्रशासन शाखा | सदस्य |
| ६. पशुपन्छी शाखा प्रमुख | सदस्य सचिव |
| ७.कृषि शाखा प्रमुख | सदस्य |

**ग) प्रस्ताव मुल्यांकन/छनौट समिति**

क) बौदीकाली गाउँपालिकाको आर्थिक विकास समितिको निर्णय बमोजिम

१८.२) पशुपन्छी कार्यक्रम संचालन लागी गठित समितिहरुको काम कर्तव्य र अधिकार निम्न बमोजि छन :

**क) निर्देशन समितिको काम, कर्तव्य र अधिकार :**

१) गाउँपालिका भित्र संचालन गरिने कार्यक्रमहरु कार्यान्वयन निर्देशन गर्ने ।

२) अन्तर शाखा समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

३) मातहतका समितिहरुको नियमन अनुगमन गर्ने ।

४) अन्य आवश्यक निर्देशन दिने तथा निति तथा तयार गर्ने

**ख) अनुगमन समितिको काम, कर्तव्य र अधिकार**

१) गाउँपालिका भित्र संचालन भएका कार्यक्रमहरुको अनुगमन गर्ने गराउने ।

२) कार्य प्रगति समिक्षा प्रतिवेदन तयारी पुष्ठपोषण दिने ।

३) कार्यक्रम संचालन आवधिक अनुगमन गर्ने ।

४) समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

**ग) प्रस्ताव मुल्यांकन/छनौट समितिको काम, कर्तव्य र अधिकार**

१) कार्य क्षेत्र भित्रका कार्यक्रमहरुको प्राप्त आव्हानलाई मापदण्ड र कार्यविधिको अधिनमा रहि प्राविधिक आर्थिक भौगोलिक र वातावरणीय अनरुप उत्कृष्ट प्रस्तावको छनौट, मुल्यांकन गरी प्रस्ताव स्वीकृभ गरेर कार्यक्रम संचालन गर्न पशुपन्छी शाखालाई निर्देशित गर्ने ।

२) पशुपन्छी कार्यक्रम संचालनका लागी गाउँ कार्यपालिकाको पशुपन्छी शाखा, कृषक, फार्म, समुह तथा सहकारी लगायत निकायहरु प्रत्यक्ष सम्बन्धित हुनेछन । उल्लेखित निकायहरुको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

**क) गाउँपालिका/नगरपालिकाको काम कर्तव्य र अधिकार :**

१) पशु सेवा कार्यक्रम लागी आवश्यक पर्ने बजेट तथा कार्यक्रमहरु संचालन लागी आवश्यक पर्ने निती, रणनिती, आवधिक योजना, तयार गर्ने ।

२) अन्तर शाखा समन्वय गराउने ।

३) मातहतका निकायहरुलाई आवश्यक बजेट तथा कार्यक्रम उपलब्ध गराउने ।

४) मातहतका निकायहरुको अनुगमन गर्ने ।

**ख) पशुपन्छी शाखाको काम कर्तव्य र अधिकार :**

१) गाउँपालिका बाट प्राप्त नीती, कार्यविधि, मापदण्ड र निर्देशनको कार्यान्वयन गर्ने गराउने ।

२) विषयगत कार्यक्रमहरुको प्रस्तावनाका लागी सुचना प्रकाशन गर्ने ।

३) प्राप्त प्रस्तावहरुको सुचीकृत गर्ने र मुल्यांकन समितीमा पेश गरी छनौट गर्ने ।

४) छनौट भएका प्रस्तावहरुलाई यस कार्यविधि मापदण्ड आधारमा सम्झौता गराउने ।

५) संचालित कार्यक्रमको नियमित अनुगमन गरी माथिल्लो निकायमा प्रतिवेदन पेश गर्ने ।

६) अख्तियार प्राप्त प्रमुख समक्ष नियमानुसार कार्यक्रमको भुक्तानी गर्न सिफारिस गर्ने र कार्यक्रम अभिलेखकरण गर्ने ।

७) अख्तियारी प्राप्त प्रमुख समक्ष नभएका तर जिम्मेवारीमा आएका कार्यक्रमहरुको कार्य संचालनको निरीक्षण गरी भुक्तानीको लागी सिफारिस गर्ने ।

**ग) कार्यक्रम प्राप्त गर्ने कृषक,समुह,सहकारी,फार्महरुको काम कर्तव्य र अधिकार :**

१) प्रस्ताव आव्हानमा उल्लेख भएको मिति,स्थान र समयमा आफुले गर्न चाहेका विषयमा तोकिएको विवरण सहित आवेदन पेश गर्नु पर्ने । तर प्रस्ताव आव्हान गर्न नपर्ने गरी स्वीकृत भएको कार्यक्रम भएमा सोको लागी तोकिएको मापदड र कार्यविधीमा उल्लेख भएका बुदाँहरुको अनिवार्य पालन गर्नु पर्नेछ । अन्यथा कार्यविधी र मापदण्ड भन्दा अलग किसिमबाट कार्यक्रम संचालन गर्न पेश भएमा मुल्यांकन समितीबाट स्वीकृत हुनेछैन ।

२) आवेदन साथ संलग्न भएका विवरणहरुको आधारमा मूल्यांकन हुने भएका र समितीलाई प्राप्त विवरण प्रति विश्वास नलागेमा स्थलगत अनुगमन समेत गर्ने भएको हुदा स्थलगत अनुगमन बाट झुट्टा विवरण पेश भएको पाइएमा सो प्रस्तावलाई मूल्यांकन समावेश गरिने छैन ।

३) प्रस्ताव साथ पेश भएको कार्य योजना परिमार्जन गर्नुपर्ने भएमा सम्झौता गर्नु पूर्व नै परिमार्जन गर्नुपर्ने भएमा सम्झौता गर्नु पूर्व नै परिमार्जन गरी पेश गर्नु पर्नेछ र सोही अनुसार माग भएका क्रियाकलाप कार्यक्रम प्राप्त हुने भएकोले कार्ययोजना अनुसार काम गर्नु पर्नेछ । कार्य योजना विपरीत काम भएको पाइएमा सो को रकम भुक्तानी हुने छैन ।

४) कार्यक्रम जुन उद्धेश्य प्राप्तिका लागी संचालन गरिएको हो सोही अनुसारको कार्य प्रगती विवरण सम्बन्धित निकायमा तोकिएको समय भित्र गर्नु पर्नेछ ।

५) समयमा कार्य सम्पन्न गरि भुक्तानीको लागी पेश भएका कागजातहरु सक्कल प्रति र लाग्ने कर नियमानुसारको कट्टी गरी पेश गर्नु पर्नेछ । कर कट्टी नगरी पेश भएको कागजातहरुमा नियमानुसार अनुदान रकमबाट कट्टी गरी बाँकी रकम बैंक रकम खातामा भुक्तानी गरिनेछ ।

६) कार्यक्रम स्वीकृत भए पश्चात पूँजीगत खर्च शिर्षकको कार्यक्रमको कम्तीमा ३ प्रतिशत कन्टिजेन्सी र अन्य चालु खर्च शिर्षकका कार्यक्रमहरुको कम्तीमा ३ प्रतिशत प्रशासनिक खर्च वापत (अनुगमन, बैठक भत्ता, स्टेशनरी प्रचार प्रसार, सूचना प्रकाशन) मा रकम कट्टी बाँकी रकम कार्यक्रममा समावेश गरी भुक्तानी गरिने छ ।

**१९. <u>अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था :</u>**

१) बौदीकाली गाउँपालिका भित्र संचालन भएका कार्यक्रमहरुको अनुगमन र मूल्यांकन बौदीकाली गाउँपालिकाको पशुपन्छी शाखा, गाउँपालिकाको मूल्यांकन समितीबाट गर्न सक्नेछन र सोको मासिक प्रतिवेदन बौदीकाली गाउँपालिकाको पशुपन्छी शाखामा मासिक प्रतिवेदन बौदीकाली गाउँपालिकाको पशुपन्छी शाखामा मासिक,चौमासिक र वार्षिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**२०. अन्य व्यवस्थाहरु :**

१) अनुदान रकममा भुक्तानी सम्बन्धी व्यवस्था अनुदान रकम भुक्तानीको लागी प्रस्तावका साथ पेश भएको कार्ययोजना अनुसार कार्य गरि सोही अनुसारको विल विजक र सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक नियमावली २०६४ अनुसार आवश्यक कागजातहरु संलग्न राखि लागत स्टीमेट अनुसार कार्य सम्पन्न प्रतिवेदन र प्राविधिक प्रतिवेदन का साथै नियमानुसार लाग्ने कर कट्टी गरी भुक्तानीको लागी तोकिएको समयमा सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ । उक्त पेश भएका कागजातहरुको अध्ययन गरी प्रचलित आर्थिक कार्यविधी अनुसार लेखा शाखाले नियमानुसार भुक्तानी दिनु पर्नेछ ।

२) यो कार्यविधि बमोजिम पशुपन्छी शाखाबाट प्रदान गरिने सबै प्रकारका अनुदान कार्यक्रम प्राप्त गर्ने र कार्यक्रम संचालन गर्ने सहकारी,समुह,कृषक व्यवसायी लगाएत पशुपन्छीसंग सम्बन्धित उद्योग व्यवसाय संचालन गर्ने सदस्य तथा व्यक्ति बौदीकाली गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गरेको र बौदीकाली गाउँपालिका भित्र मतदान नामावली नाम समावेशी भएको हुनु पर्नेछ ।

३) गाउँपालिका क्षेत्र भित्र कानुन प्रक्रिया पूरा गरि संचालन भएका मासु पसल,डेरी पसल, पशुपन्छीको दाना पसल पशुपन्छीका औषधी पसलहरु लगाएत पशुपन्छी तथा मत्स्यसंग सम्बन्धित उद्योग व्यवसायीहरुले बौदीकाली गाउँपालिका पशुपन्छी शाखामा सुचिकृत गराउनु पर्नेछ र पशुपन्छी शाखाले माग गरेका रेकर्डहरु दिनु पर्नेछ ।

४) नगर क्षेत्र/गाउँपालिका क्षेत्र भित्र संचलान भएका पशुपन्छी पालन फार्म,व्यवसायहरु बौदीकाली गाउँपालिका पशुपन्छी शाखाको कार्यविधि अनुसार प्राविधिक मापदण्ड पुरा गरि भौतिक पूर्वाधार,जैविक सुरक्षाका आधारभूत सिद्धान्त पालन गरी वातावरणीय प्रभाव अनुकुल भएको क्षेत्रमा व्यवसायको प्रकृती अनुसार साना व्यवसाय फार्महरु १.५ वर्ष, मझौला व्यवसाय फार्महरु २.५ वर्ष र ठुलन व्यवसाय फार्महरु ५ वर्ष अविधि भित्र स्थानान्तरण गरि व्यवसाय,फार्म संचालन गर्नु पर्नेछ ।

५) गाउँपालिका क्षेत्र भित्र कानूनी प्रक्रिया पुरा नगरी अनाधिकृत रुपमा संचालन भएका माछा,मासु पसल, डेरी पसल, पशुपन्छीको औषधि पसल, दाना पसल पशुपन्छी तथा मत्स्य पालनसंग जोडिएका व्यवसाय उद्योगीहरुलाई कानुनी प्रक्रिया पुरा गरि सुचिकृत दर्ता गर्न सार्वजनिक सूचना जारी गरिने छ ।यदि सार्वजनिक सूचनाको अवधि भित्र गाउँपालिकाको कानूनी प्रक्रिया पुरा नगरी अनाधिकृत रुपमा व्यवसाय संचालन गर्ने व्यवसायीलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिने छ ।

६) मापदण्ड अनुसार संचालन नभएका पशुपन्छी व्यवसाय, फार्म उद्योग, पसलहरुलाई गाउँपालिका, संघिय सरकार, प्रदेश सरकार र अन्तर्राष्ट्रिय, राष्ट्रिय, गैह्रसरकारी संघ संस्थामा प्रस्तावना पेश गर्नको लागी सिफारिस र नविकरण गरिने छैन ।

**२१. संसोधन तथा हेरफेर :**

१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा मत बाझिएमा मत बाझिएमा वा अन्य प्राविधिक समस्या आएमा वा कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध फुकाउनका लागी बौदीकाली गाउँपालिकाले पशुपन्छी शाखा एवम् सम्बन्धित विषय विज्ञको परामर्शमा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

२) यो कार्यविधि तथा निर्देशिकालाई समय सापेक्ष थप घट गर्न आवश्यक भएमा बौदीकाली गाउँपालिक विज्ञ, पशुपन्छी शाखा तथा विषय विज्ञको परामर्शमा संशोधन गर्न सक्ने छ ।

अनुसुची -१

# बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## डेढगाउँ, नवलपरासी (ब.सु.पू.)

baudikalimun@gmail.com
www.baudikalimun.gov.n

प.सं.: गण्डकी प्रदेश, नेपाल

च.नं.: V32P+FV Dedhgaun

**प्रस्ताव आव्हान सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति : २०.../.../...

यस बौदीकाली गाउँपालिका,नवलपरासी आ.व. २०../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बौदीकाली गाउँपालिका अन्तर्गतका ईच्छुक कृषक/कृषक समुह/कृषक सहकारी/निजि उद्यमीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिल कागजात सहित यस बौदीकाली गाउँपालिकाको पशुपन्छि विकास शाखामा आवेदन पेश गर्नहुनका लागि यो सुचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका र म्याद नाघि प्राप्त भएका आवेदकलाई कार्यक्रमको लागी समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रमको नाम | अनुदानग्राहीले व्याहेर्नुपर्ने | परिमाण संख्या | विनियोजित बजेट | लक्षित समुह | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

तपशिल आवश्यक कागजात

१. प्रस्ताव निवेदन ।

२. कार्यक्रम सञ्चालनको लागि तोकिएको ढाँचामा प्रस्तावना ।

३. स्थायी लेखा नंप्रमाणपत्रको प्रतिलिपि । .

४. गत आको कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।.व.
५. समुहकृषि फर्मको नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।/सहकारी/
६. समुहसमितिको हकमा प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि /सहकारी/ ।
७. प्रस्ताव पेश गर्नेको नागरिताको प्रतिलिपि ।
८. कार्यक्रम संचालनका लागि जग्गा धनि दर्ता प्रमाणपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई - वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि । ५ कार्यक्रम संचालन गर्नको लागि कम्तिमा
९. सम्बन्धित वडा कार्यालयको कार्यक्रम दोहोरो नहुने र कार्यक्रम दिन उपयुक्त हुन् व्यहोराको सिफारिस पत्र ।

अनुसुची -२

**आवेदनको ढाँचा**

मिती : २०...../....../.....

श्री बौदीकाली गाउँपालिका,

डेढगाउँ, नवलपरासी(ब.सु.पू.)

विषय : अनुदान उपलब्ध गराइ दिनहुन ।

पस्तुत विषयमा यस बौदीकाली गाउँपालिकाको कार्यालयबाट मिती :........./....../...... मा प्रकाशित सूचना बमोजिम यस बौदीकाली गाउँपालिका वडा नं.....मा अवस्थित/बस्ने ...................................................... कृषक/फर्म/समूह/सहकारी/संस्था/कम्पनीले ..........................................लागी अनुदान सहयोग उपलब्ध गराई दिनुहुन गर्दछु/गर्दछौ । प्रस्तवना सहित आवश्यक कागजात यसैसाथ पेश गरेको/गरेको छु/छौ ।

निवेदक

नाम :

पद :

हस्ताक्षर :

सम्पर्क नं.

संस्थाको छाप :

मिति :

पेश गरेका कागजातहरु :

क) तोकिएको ढाँचामा प्रस्ताकको निवेदन

ख) कार्यक्रम सञ्चालनको लागी तोकिएको ढाँचामा प्रस्तावना

ग) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि

घ) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

ङ) समूहकम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी/निजी कृषि फर्म/सहकारी/

च) समूहसमितीको हकमा प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी/सहकारी/

छ) प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी

ज) कार्यक्रम सञ्चालनको लागी जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागी कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपी

झ) सम्बन्धित वडा कार्यालयको कार्यक्रम दोहोरो नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्याहोराको सिफारिस पत्र ।

# स्वघोषणापत्र

मिति :......../......./......

प्रस्तुत विषयमा नवलपरासी (ब.सु.पू.) जिल्ला बौदीकाली गाउँपालिका वडा नं .... मा संचालित ......................................................................................कृषिफार्म/समूह/सहकारी/उपभोक्ता समितिले अघिल्लो दुई आर्थिक वर्षमा देहाय अनुसार अनुदान प्राप्त गरेको/नगरेको व्योहोरा साँचो हो

| क्र.सं. | आ.व. | अनुदान उपलब्ध गराउने संस्था | अनुदान रकम (रु.) | कार्यक्रमको नाम | कामको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ......../.... | | | | | |
| २ | ......../.... | | | | | |

झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

घोषणकर्ता

नाम :

ठेगना :

सम्पर्क नं.

संस्थाको छाप :

मिति :

अनुसुची-३(क)

संक्षिप्त कार्य योजनाको ढाँचा

कृषक/संस्थाको नाम,थर :..............................................................................

ठेगाना : जिल्ला नवलपरासी(ब.सु.पू) गाउँपालिकः बौदीकाली गाउँ/टोल :...............

वडा नं.................................................

सञ्चालन गर्न खोजेको कार्यक्रम : ...................................................स्थान :.................

सहयोग स्वरुप माग गरेका अनुदान रकम :.............................................................

समुह/समिती/व्यक्तिको तर्फबाट लागत सहभागिता गरिने रकम :.....................................

समुहगत/फार्मको/व्यक्तिको श्रम : ....................................................

कार्यक्रम बाट उत्पादन हुने बस्तु :.....................................................................

सम्भावित उत्पादन हुने पाठा पाठी/पाडा,पाडी/बाछा,बाछी परिमाण :..................................

बजारको अवस्था : ..........................................

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ कि पार्दैन : ........................................

सम्पर्क टेलिफोन नम्बर :...........................

सञ्चालन गरिने कार्य विवरण :.............................................

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान सहयोग(पशुपन्छी शाखामा माग गरिएको) | कृषकले व्यहोर्ने लगनी | जम्मा लगानी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

सम्भावित आर्थिक उपलब्धीहरु :.......................................

आवेदन दिनेको

नामथर :                                                संस्था भए संस्थाको छाप :

पद :

मिति :

अनुसुची :-३(ख)

**पहिलो चरण अनुगमन ढाँचा**

१) आवेदकको परिचय

क) फर्म/समुह/सहकारीको नाम :

ख) कृषकको नाम :

ग) ठेगाना :

घ) व्यवसाय भएको स्थानको ठेगाना :

ङ) सम्पर्क नं.

**२) व्यवसायको विवरण :**

| क्र.सं. | फर्ममा भएका पशुपन्छी प्रजाती | पशुपन्छी संख्या/मत्स्यमा जलाशयको क्षेत्रफल | औसत वार्षिक उत्पादन (लि./के.जी.) |
|---|---|---|---|
| १ | गाई/भैसी | | |
| २ | भेडा/बाख्रा | | |
| ३ | बंगुर | | |
| ४ | स्थानिय/बोइलर/लेयर्स कुखुरा | | |
| ५ | हाँस | | |
| ६ | माछा | | |

**३) अनुदान सम्बन्धी विवरण :**

| क्र.सं. | यसभन्दा अघि अनुदान लिए/नलिएको | अनुदान दिने संस्थाको नाम | अनुदान लिएको आ.व. | अनुदान रकम/ मेसिनरी संख्या |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**४) प्रस्तावित फर्ममा भएको पूर्वाधारको अवस्था :**

| क्र.सं. | पूर्वाधार | छ/छैन | भएको अवस्थामा ठिक चिन्ह लगाने |
|---|---|---|---|
| १ | बाटो | | क) पक्की ख) ग्राबेल ग) कच्ची घ) अन्य...................... |
| २ | बिजुली | | क) केन्द्रिय प्रसारण ख) स्थानिय उत्पादन ग)अन्य......... |
| ३ | पानी | | क) खानेपानी योजना ख) मूल/मुहान ग) बोरिङ/ईनार |
| ४ | घाँसखेती | | .................रोपनी/हेक्टर/विघा/कठ्ठा जमिनमा |

**५) प्रस्तावित फर्मको प्राविधिक उपयुक्तता :**

| क्र.सं. | विवरण | भएको/नभएको |
|---|---|---|
| १ | पर्याप्त र उपयुक्त जमिन | |
| २ | उपयुक्त हावापानि | |

**६) रोजगारको विवरण :**

| क्र.सं. | व्यवसायिले आफ्नो घर बाहिरको मानिसलाई रोजगारी दिए/नदिएको | कामदारको संख्या (व्यवसायीक घरको बाहेकको मात्र) | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य |
| १ | | | | |

**७) फर्मको अन्य विवरण :**

| क्र.सं. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| १ | गोठ/खोर | | क)पक्की ख)कच्ची ग)अन्य...... |
| २ | प्रजनन् योग्य भाले | | |
| ३ | दाना पानी डुँड/अन्य व्यवस्था | | क)पक्की ख)कच्ची ग)अन्य...... |
| ४ | स्टोर घर | | क)पक्की ख)कच्ची ग)अन्य...... |
| ५ | बारबन्देज | ..........मि. | क)तारजाली ख)पर्खाल ग) कच्ची |

८) व्यवसायको उत्पादन बजारीकरणको संभावना,किसानले भोगेका समस्या,नवितम सोच र किसानले गोठ सुधारमा गर्ने काम छोटकरीमा :

क)

ख)

९) मलमुत्र व्यवस्थापन सम्बन्धी गरिएको कार्यहरु :

क) झोल मल र ठोस मल संकलनको छुट्टा छुट्टै व्यवस्था : छ/छैन

ख) झोल तथा ठोस मल उत्पादनको लागी संकलन,प्राङ्गारिक मल उत्पादन,प्याकेजिङ्ग र विक्रिवितरण गर्ने गरेको : छ/छैन

१०) उत्पादन भाको वस्तु विक्रि गर्ने ठाउँ/बजार :

११) अनुगमन टोलिको सदस्यहरु :

| क.सं. | टोलि सदस्यको नाम | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

१२) अनुगमन मिति :

१३) संस्थाको छाप :

अनुसुची :-४ (क)

लागत सहभागितमा तथा अनुदान कार्यक्रम सञ्चालन हुने कार्यक्रम छनौट मूल्याङ्कनको

फाराम ढाँचा

| क्र. सं. | द.नं. | आवेकको नाम ठेगाना | मुल्याँकनको आधार र अंक प्रतिशत | | | | | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|
| | | | कार्य योजना (२५) | व्यवसयको प्राविधिक सम्भाव्यता/ उपयुक्तता (२५) | व्यवसायिक भौगोलिक उपयुक्तता (१०) | आर्थक सहभागिता (२५) | स्थलगत अनुगमन प्रतिवेदन (२५) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसुची :-४(ख)

साना किसान तथा साना व्यवसायिक फार्म सहुलियत अनुदानको कार्यक्रम

छनौट मूल्याङ्कनको फाराम ढाँचा

| क्र.सं. | द.नं. | आवेदकको नाम ठेगाना | मुल्याँकनको आधार र अंक प्रतिशत | | | | | | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्य योजना (२०) | व्यवसाय को प्राविधिक उपयुक्तता तथा भौगोलिक सम्भाव्यता (१५) | आहरा व्यवस्थापन लगाइएको डाले घाँसले कम्तीमा ६ महिना पुग्ने (२५) | पशुपन्छी को एउटा वर्ग/जात समेटेर भएको समुह व्यवसाय फार्मको नामाकरण (१०) | आफुले पालेका पशुका,नियमित विमा गर्ने गरेको, (२०) | स्थलगत अनुगमन प्रतिवेदन (१०) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसुची -५

## कार्यक्रम छनौट तथा मुल्यांकनका आधारहरु

| क्र.स. | कार्यक्रम छनौट तथा मुल्यांकनका आधारहरु | अंक |
|---|---|---|
| क | पशुपन्छी संख्या | २० |
| १ | माउ गाई/भैसी संख्या | २ वटाको लागी - ५<br>३ " " - १०<br>३ वटा भन्दा बढी - २० |
| २ | भेडा/बाख्रा संख्या | १५ वटा सम्म -१०<br>१५ वटा भन्दा बढी - २० |
| ३ | बंगुर/सुङ्गुर | १० वटा सम्म -१०<br>१० वटा भन्दा बढी - २० |
| ४ | कुखुरा/ब्रोइलर | १००० वटा सम्म -१०<br>१००० वटा भन्दा बढी - २० |
| ख | लागत | १० |
| १ | लागत साझेदारीको अनुपात (कार्यालय : आवेदक) | १:१.५ भन्दा बढी -१०<br>१:१ भन्दा बढी देखी १.१५ सम्म -५ |
| ग | व्यावसायीक खेति गरिने जग्गाको क्षेत्रफल | १ रोपनी भन्दा कमका लागी – ५<br>१ रोपनी भन्दा बढी - १० |
| घ | सम्बन्धित विषयमा ७ दिन भन्दा बढी तालिम लिएको | क) ७ दिन वा सो भन्दा बढी तालिम लिएको -१०<br>ख) ७ दिन भन्दा कम तालिम लिएको - ५ |

| | | |
|---|---|---|
| ङ | अघिल्लो आ.व. मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको | क) नलिएको -१०<br>ख) उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागी लिएको -५ |
| च | लक्षित् वर्ग | सिमान्तकृत १५, दलित र जनजाती १०, अन्य ५ |
| छ | प्रस्तावको मुख्य पेशा | क) मुख्य पेशा भएमा - १०<br>ख) सहायक पेशा भएमा -५ |
| ज | फर्म दर्ता भएमा | क) ३ वर्ष भन्दा बढी भएको - १५<br>ख) १ वर्ष दखि ३ वर्ष भएमा – १०<br>ग) १ वर्ष भन्दा कम समय भएको -५ |

## अनुसुची :-६

## सम्झौता पत्रको ढाँचा

श्री बौदीकाली गाउँपालिकाको कार्यालय, नवलपरासी ( ब.सु.पू ) (यस पछि पहिलो पक्ष भनिने) र नवलपरासी ( ब.सु.पू ) जिल्ला बौदीकाली गाउँपालिका वडा नं. ....... मा स्थापना भएको भएको **श्री** ......................(यस पछि दोस्रो पक्ष भनिने ) बिच सझेदारी/सहकार्यमा तपशिल बमोजिमका शर्तको अधिनमा रहि आ.व. ...../...को ........कार्यक्रम संचालन गर्न सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

ईति सम्बत २०......... साल ........ महिना ..... गते ..... शुभम् ।

<u>तपशिल :</u>

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ र चालु आ को लागि मात्र मान्य हुनेछ । .व.
२. दोस्रो पक्षले यसै सम्झौतासाथ संलग्न स्वीकृत कार्ययोजना अनुसार कार्यक्रम संचालन गरेको हुन पर्नेछ ।कार्यक्रम सम्पन्न भए पश्चात कार्य प्रगतिको मुल्यांकनका आधारमा पहिलो पक्षले मूल्याङ्कनको प्रतिशत ...... .......... वा बढीमा रुजुन कम हुन आउने रकम दोस्रो पक्षलाई उपलब्ध गराउनेछ ।
३. दोस्रो पक्षले पहिलोपक्षको सहयोग लिई स्वीकृत कार्ययोजना अनुसारका क्रियाकलापहरु संचालन गर्नुपर्नेछ ।
४. दोस्रो पक्षले सम्झौता भएको मितिले सात दिन भित्र कार्ययोजना अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ ।
५. दोस्रो पक्षले स्वीकृत कार्ययोजना अनुसारका क्रियाकलापहरु आफैले नगरी कुनै अर्को पक्षमार्फत संचालन गर्नगराउन पाउने छैन ।/
६. दोस्रो पक्षले कार्ययोजनाका बमोजिमका भौतिक संरचना निर्माणसुधार सम्वन्धि कार्य गर्दा मान्यता प्राप्त / प्राविधकले तयार गरेको लागत इष्टमेटको आधारमागराउनु पर्नेछ ।भुक्तानि माग गर्दा सो कार्यको कार्य सम्पादन प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।
७. दोस्रो पक्षले वि२० स.... महिना ......... गतेभित्र स्वीकृत कार्ययोजना अनुसारको कार्य सम्पन्न गरी भुक्तानि .... लागि पहिलो पक्ष समक्ष निवेदन पेश गरिसक्नु पर्ने छ ।
८. दोस्रो पक्षले भुक्तानि माग्नु पूर्व संचालित कार्यक्रमको सार्वजनिक परीक्षण गरी सो को प्रमाण प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ ।
९. पहिलो पक्षले दोस्रो पक्षलाई दिनु पर्ने अनुदान रकम कार्य सम्पन्न पश्चात काम सम्पन्न भएको जानकारी सहित कार्यालयमा जानकारी गराए पश्चात पहिलो पक्षले खटाएको अनुगमन टोलिले अनुगमन गरी कार्य सम्पन्न भएको हो भनि प्रमाणित भएपछि मात्र एकमुष्ठ वैक खाता मार्फत उपलब्ध गराउनेछ ।दोस्रो पक्षले कृषक , प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ । .समुह वा सहकारीको नाममा बैंक खाता खोली खाता नं ,कृषक फर्म
१०. प्रथम पक्षले दोस्रो पक्षलाई अनुदान रकम भुक्तानि गर्दा नियाममनुसार कर तथा कन्टिन्जेन्सी कट्टा गर्न सक्नेछ ।
११. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै सम्झौता बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| दोस्रो पक्षको तर्फबाट | रोहोवर | प्रथम पक्षको तर्फबाट |
|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर : |
| मिति : | पद : | पद : |
| संस्थाको नाम र छाप : | मिति : | मिति : |
| पान नं. : | संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| फोन नं. | फोन नं. | दस्तखत : |

**प्रतिबद्धता पत्र**

...............................................समुह/समिति/सहकारी/फार्मको........................पदमा रहेको म श्री............................................यो प्रतिबद्धता गर्दछुकी मैले...........................

बौदीकाली गाउँपालिकाको पशुपन्छी शाखा बाट.....................................मा प्रकाशित सूचना अनुसारको प्रस्ताव पेश गरी प्रस्ताव स्वीकृत भई कार्य योजनामा उल्लेखित भएका कार्यक्रमहरु र सम्झौतामा उल्लेख भएका शर्तहरुको पुर्ण रुपमा पालना गर्नेछु/छौ । सो कार्यक्रममा तोकिए अनुसारको लागत सहभागिता/सहुलियत अनुदान र उपलब्ध अन्य सेवा सुविधा कार्ययोजनामा तोकिए बमोजिम सहभागिता हुन सहमत छु/छौ सो को पालना नभएमा प्रचलित कानुन बमोजिम गर्ने गराउने छ/छौ भनि यो प्रतिबद्धता पेश गराएको छु/छौ ।

प्रतिबद्धता गर्नेको

दस्तखत :

नाम :

पद :

संस्थाको नाम : छाप :

मिति :

अनुसुची :-७(क)

## मध्यावधिक अनुगमन ढाँचा

कृषक/संस्थाको नाम,थर :.........................................................................

ठेगाना : जिल्ला नवलपरासी (ब.सु.पू.) गाउँपालिका : बौदीकाली गाउँ/टोल : ................ वडा नं......

सञ्चालन गर्न खोजेको कार्यक्रम : ...........................................................................

पेश गरेको मिति :.........................................................................................

अनुदान प्राप्त गरेको रकम :.............................................................................

सहयोग स्वरुप प्राप्त भएको अनुदान रकम :.............................................................

समुह/समितीकव तर्फबाट लागत सहभागिता गरिने रकम : .........................................

समुहगत श्रम :...............................................................................................

सम्पर्क टेलिफोन नम्बर :.................................................................................

सम्पन्न भएका कार्य विवरण :.......................................................................

| क्र.सं. | क्रियाकलाप | अनुदान खर्च | साझेदारी खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | कुल खर्च | | | |

यस अवधिमा सम्पन्न भएका अनुगमन विवरण

गाउँपालिका ..........................बाट पटक मिति

वडा कार्यालय.........................बाट पटक मिति

पशुपन्छी शाखा.......................बाट पटक मिति

अन्य निकाय .........................बाट पटक मिति

पेश गर्नेको नामथर :- संस्था भए संस्थाको छाप :-

पद :- मिति :-

दस्तखत :-

## अनुसुची :-७

## अन्तिम कार्य सम्पन्न भएपछि अनुगमनको ढाँचा

अनुगमन गरेको मिति :...............................

कृषक/संस्थाको नाम,थर :............................................................................

ठेगाना : जिल्ला नवलपरासी (ब.सु.पू.) गाउँपालिका : बौदीकाली गाउँ/टोल : ................ वडा नं......

सञ्चालन गर्न खोजेको कार्यक्रम : ...........................................................................

सम्झौता गरेको मिति :......................................................................

कुल सम्झौता गरेको रकम रु. :.................................................................................

सहयोग स्वरुप प्राप्त भएको अनुदान रकम :............................................................

सम्पर्क टेलिफोन नम्बर :.........................................................................................

सम्पन्न भएका कार्य विवरण :...........................................................................

| क्र.सं. | क्रियाकलाप | अनुदान खर्च | साझेदारी खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | कुल खर्च | | | |

कार्यक्रमबाट उत्पादन हुने सेवा वा वस्तुको विवरण

| क्र.सं. | विवरण | इकाइ | क्षमता परिमाण | पहिलो वर्ष उपलब्धी | |
|---|---|---|---|---|---|
| | | | | परिमाण | आम्दानी रु. |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुगमनकर्ताको टिप्पणी,सुझाव र निर्देशनः

अनुगमन गर्ने पदाधिकारीहरु :-

| | | |
|---|---|---|
| नाम : ............................... | पदः उपाध्यक्ष | दस्तखतः....................... |
| नाम : .............................. | पदः प्रमुख प्रशासकिय अधिकृत | दस्तखतः....................... |
| नाम : .............................. | पदः इन्जिनियर | दस्तखतः....................... |
| नाम : ................................. | पदः......................... | दस्तखतः....................... |
| नाम : ................................. | पदः......................... | दस्तखतः....................... |
| नाम : ............................... | पदः......................... | दस्तखतः....................... |

आज्ञाले,
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति :** २०८२/१२/२१